नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नेपाल

**जिल्ला विपद् व्यवस्थापन समिति, सिरहाको २०७७/०७/०७/१९ को निर्णय नं. ५ बाट विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७७(सिरहा) ले स्वीकृत गरेको बुंदा नं. ५.२ को परिमार्जित - शीतलहर तथा जाडो आपत्कालीन कार्य योजना ।**

## ५.२ शीतलहर तथा जाडो आपत्कालीनकार्य योजना :

नेपालको सात प्रदेशहरु मध्ये प्रदेश नं. २ अन्तर्गत रहेका आठ जिल्लाहरु मध्ये सिरहा जिल्ला पूर्ववाट दोश्रो जिल्लाको रुपमा पूर्व दक्षिण भुभागमा अवस्थित तराईको एक जिल्लाहो । यसको पूर्वमा सप्तरी, पश्चिममा धनुषा, उत्तरमा उदयपुर र दक्षिणमा भारतको विहार राज्यको मधुवनी जिल्ला पर्दछ । यो जिल्ला ८६°६'पूर्वी देशान्तर देखि ८६°२६'पूर्वी देशान्तर र २६°३३'उत्तरी अक्षांश देखि २६°५५'उत्तरी अक्षांश भित्र अवस्थित रहेको छ । यसको उचाई समुन्द्र सतह बाट ७६ मिटर (२४९.२८ फिट) देखि ८८५ मिटर (२९०३ फिट) सम्म रहेको छ । यस जिल्लाको तापक्रम गर्मी महिनामा ३२°c देखि ४५°c र जाडो महिनामा ८°c देखि २०°cहुने गरेको हुँदा यहाँ गर्मी महिनामा अति गर्मी र जाडो महिनामा अति जाडो हुने गर्दछ ।

जाडो याममा जाडोको कारण यस जिल्लामा प्रत्येक वर्ष ठुलो जनधनको क्षतिहुने गरेको हुँदा क्षतिलाई न्यूनिकरण गर्न विपद् व्यवस्थापनका क्षेत्रमाकार्य गर्ने जिल्ला भित्रका सबै सरकारी तथा गैह्र सरकारी संघसंस्थाहरुले शीतलहर तथा जाडो आपत् कालिन कार्य योजना वनाई तयारी अवस्थामा रहने आवश्यकता देखिएकोमा यस अघि हुँदै आएका कामलाई समेत समेटी मिति २०७७०४।०६ गतेका दिन जिल्ला विपद् व्यवस्थापन समितिको बैठक वसी शीतलहर तथा जाडो आपत् कालिन कार्य योजना २०७७लाई स्वीकृति गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो । विपद् जोखिम न्यूनिकरण, खोज तथा उद्धार र राहत लगायतको कार्यहरु यसै कार्य योजना अनुसार सम्बन्धित निकायहरुले गर्ने समेत निर्णय गरियो ।

**कार्य योजना**

| सि. नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगीनिकाय | समय | कै |
|---|---|---|---|---|---|
| १ | चिसो तथा शीतलहर पूव तयारी र पूर्व प्रबन्ध सम्बन्धी बैठक तुरुन्तै राख्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति | • गृह मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• UNDP/WFP/IFRC<br>• जिल्लामा कार्यरत सुरक्षा निकायहरु<br>• नेपाल रेडक्रस सोसाइटी<br>• संचार सेवाप्रदायक संस्थाहरु<br>• संचार गृहहरु<br>• डिभिजन बन कार्यालय<br>• उद्योग बाणिज्य संघ<br>• पत्रकारहरु | | |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| २ | जाडोको लागि आवश्यक पर्ने दाउरा तथा काठ समयमै उपलब्ध गराउने । | • जिल्लाविपद् व्यवस्थापन समिति<br>• स्थानीयविपद् व्यवस्थापन समिति | • गृह मन्त्रालय<br>• वन तथा वातावरण मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• UNDP/WFP/IFRC<br>• जिल्लामा कार्यरत सुरक्षा निकायहरु<br>• डिभिजन बन कार्यालय<br>• बन उपभोक्ता समितिहरु<br>• नेपाल रेडक्रस सोसाइटी<br>• संचार सेवाप्रदायक संस्थाहरु<br>• संचार गृहहरु<br>• पत्रकारहरु | | |
| ३ | जाडो बाट वच्न कम्बल तथा न्यानो लुगाहरु विपन्न पीडितहरुलाई उपलब्ध गराउने । | • जिल्लाविपद् व्यवस्थापन समिति<br>• स्थानीयविपद् व्यवस्थापन समिति<br>• | • गृह मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• UNDP/WFP/IFRC<br>• जिल्लामा कार्यरत सुरक्षा निकायहरु<br>• नेपाल रेडक्रस सोसाइटी<br>• क्लोथ बैंक/संस्थाहरु<br>• संचार सेवाप्रदायक संस्थाहरु<br>• उद्योग बाणिज्य संघ<br>• संचार गृहहरु<br>• पत्रकारहरु | | |
| ४ | स्वास्थ्य सम्बन्धी समस्यालाई रोकथाम गर्ने जनचेतना मूलक कार्यक्रम, स्वास्थ्यकर्मि, औषधिहरु र द्रुत प्रतिकार्य समूह परिचालन गर्ने । | • जिल्लाविपद् व्यवस्थापन समिति<br>• स्थानीयविपद् व्यवस्थापन समिति<br>• जनस्वास्थ्य कार्यालय | • गृह मन्त्रालय<br>• स्वास्थ्य तथा जन संख्या मन्त्रालय/जिल्ला अस्पताल<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• UNDP/WFP/IFRC<br>• जिल्लामा कार्यरत सुरक्षा निकायहरु<br>• नेपाल रेडक्रस सोसाइटी<br>• संचार सेवा प्रदायक संस्थाहरु<br>• संचार गृहहरु<br>• पत्रकारहरु | | |
| ५ | आगलागि तथा निसासिने समस्याबाट बच्न सचेतना मूलक तथा सन्देश मूलक | • जिल्लाविपद् व्यवस्थापन समिति<br>• स्थानीयविपद् | • गृह मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| | सूचना स्थानीय भाषामा समेत तयार गरी आम सञ्चार माध्यममार्फत प्रचार प्रसार गर्ने । | व्यवस्थापन समिति<br>• स्वास्थ्य कार्यालय<br>• जिल्ला स्थित अस्पतालहरु | • UNDP/WFP/IFRC<br>• जिल्लामा कार्यरत सुरक्षा निकायहरु<br>• नेपाल रेडक्रस सोसाइटी<br>• अन्य सामाजिक संस्थाहरु<br>• संचार सेवाप्रदायक संस्थाहरु<br>• संचार गृहहरु<br>• पत्रकारहरु | | |
| ६ | कृषिबाली र पशुपंक्षीको क्षतिलाई न्यूनगर्न आवश्यक औषधोपचार तथा यसबाट बच्ने र बचाउने उपायहरुका सम्बन्धमा सन्देशमूलक सूचना प्रचार प्रसार गराउने र शीतलहरहरुको कारणबाट अन्नबाली/पशुपंक्षीको क्षतिभएमा कृषकहरुलाई मल, बीउ, पशुपंक्षी उपचार तथा प्राविधिक सहयोग जस्ता राहत तत्कालउपलब्ध गराउने । | • जिल्लाविपद् व्यवस्थापन समिति<br>• स्थानीयविपद् व्यवस्थापन समिति<br>• कृर्षि ज्ञान केन्द्र<br>• धानजोन<br>• पशु पंछि सम्वद्ध कार्यालय/ निकाय | • गृह मन्त्रालय<br>• कृषि तथा पशु पंक्षी विकास मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• प्रदेश स्तरीय कृषि तथा पशु पंक्षी विकास<br>• जिल्लामा कार्यरत सुरक्षा निकायहरु<br>• नेपाल रेडक्रस सोसाइटी<br>• संचार सेवा प्रदायक संस्थाहरु<br>• संचार गृहहरु<br>• पत्रकारहरु | | |
| ७. | कुहिरो तथा हुस्सु लागेको समयमा संभावित सवारी दुर्घटनालाई न्यूनीकरण गर्न एक सर्वे समूह गठन त्यस्ता स्थानहरुको Mapping गर्ने सोको आधारमा कुहिरो तथा हुस्सुबाट सडक दुर्घटना हुन सक्ने जोखिमयुक्त/सम्भावित सडकहरुमा विभिन्न सांकेतिक चिन्हहरु तथा सूचना मुलक सन्देशहरु राख्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति<br>• जिल्ला ट्राफिक प्रहरी कार्यालय<br>• डिभिजन सडक कार्यालय | • गृह मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• नेपाल प्रहरी/ट्राफिक कार्यालय<br>• जिल्लामा कार्यरत सुरक्षा निकायहरु<br>• नेपाल रेडक्रस सोसाइटी<br>• संचार सेवा प्रदायक संस्थाहरु<br>• संचार गृहहरु<br>• पत्रकारहरु | | |
| ८. | विद्यालयहरु चलेको अवस्थामा चिसो तथा शीतलहरबाट बच्न विद्यार्थीहरुलाई चेतनामुलक कार्यक्रमहरु | • जिल्लाविपद् व्यवस्थापन समिति<br>• स्थानीयविपद् व्यवस्थापन समिति<br>• शिक्षा तथा समन्वय इकाई<br>• सम्वन्धित विद्यालय | • गृह मन्त्रालय<br>• विज्ञान प्रविधि तथा शिक्षा मन्त्रालय<br>• आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• सामाजिक विकास मन्त्रालय<br>• UNDP/WFP/IFRC/Save the | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| | | | Childred/ UNICEF<br>• जिल्लामा कार्यरत सुरक्षा निकायहरु<br>• नेपाल रेडक्रस सोसाइटी<br>• संचार सेवाप्रदायक संस्थाहरु<br>• संचार गृहहरु | | |
| ९ | Cloth bank को संचालन ( हुनेले नहुनेको लागि नयाँ लताकपडा उपलब्ध गराउने र वितरण गर्न संस्थागत संयन्त्र विकास गर्ने) | • स्थानीयतह<br>• संघसंस्था | • जिल्ला समन्वय समिति<br>• जिल्ला प्रशासन कार्यालय<br>• सहयोगी निकायहरु | | |

प्रमुख जिल्ला अधिकारी